NEPALI

थिम स्कूलको ब्रोसर

ग्रेडहरू: प्रि-किन्डर्गार्टन आठसम्म

SY 2022 - 2023 खुला भर्ना

जनवरी 7, 2022 - फेब्रुअरी 5, 2022

अनलाइन आवेदन दिनुहोस्:

http://www.yourchoicedekalb.org

विद्यालय छनोट कार्यक्रमको बारेमा जानकारी:

http://www.dekalbschoolsga.org/school-choice

विद्यालय छनोटको अन्तिम नामाङ्कन:

फेब्रुअरी 5, 2022 – अगस्त 31, 2022

~~~~~~~~~~~~~~~~~~~~~~~~~~~~

विद्यालय छनोटको सम्पर्क:

678-676-0035 वा 678-676-0050

बिहान 8:30 देखि साँझ 5:00 बजेसम्म






इलिमेन्टरी स्कूल्स

- Edward L. Bouie, Sr.
- Marbut
- Narvie J. Harris
- Oakcliff
- Robert Shaw
- Wynbrooke

मिडल स्कूल

- च्याम्पियन स्कूल

लटरी नतिजाहरूको प्रकाशन: मार्च 25, 2022, साँझ 5:00 बजे
~~~~~~~~~~~~~~~~~~~~~~~~~~~~

थिम स्कूलहरूको जानकारी

थिम स्कूल	ठेगाना	विद्यालय समय	भ्रमण मिति र समय	थिम फिडर स्कूल
Edward L. Bouie Sr. इलिमेन्टरी स्कूल **ग्रेडहरू: प्रिकिन्डरगार्टन - 5**	5100 Rock Springs Road Lithonia, GA 30038 (678) 676-8202	बिहान 7:45 बजेदेखि दिउँसो 2:15 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	Browns Mill ES Fairington ES Flat Rock ES Murphey Candler ES
Narvie J. Harris इलिमेन्टरी स्कूल **ग्रेडहरू: प्रिकिन्डरगार्टन – 5**	3981 McGill Drive Decatur, GA 30034 (678) 676-9202	बिहान 7:50 बजेदेखि दिउँसो 2:15 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	Chapel Hill ES Cedar Grove ES Oak View ES
मार्बट इलिमेन्टरी स्कूल **ग्रेडहरू: प्रिकिन्डरगार्टन – 5**	5776 Marbut Road Lithonia, GA 30058 (678) 676-8802	बिहान 7:30 बजेदेखि दिउँसो 2:05 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	Panola Way ES Stoneview ES Woodridge ES
ओकक्लिफ इलिमेन्टरी स्कूल **ग्रेडहरू: प्रिकिन्डरगार्टन – 5**	3150 Willow Oak Way Doraville, GA 30340 (678) 676-3102	बिहान 7:45 बजेदेखि दिउँसो 2:15 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	Cary Reynolds ES Doraville United ES Hightower ES
रोबर्ट शा इलिमेन्टरी स्कूल **ग्रेडहरू: प्रिकिन्डरगार्टन – 5**	385 Glendale Road Scottdale, GA 30079 (678) 576-6002	बिहान 7:45 बजेदेखि दिउँसो 2:15 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	Allgood ES Dunaire ES Indian Creek ES Jolly ES Rowland ES
Wynbrooke इलिमेन्टरी स्कूल **ग्रेडहरू: प्रिकिन्डरगार्टन – 5**	440 Wicksbury Way Stone Mountain, GA 30087 (678) 676-5002	बिहान 7:45 बजेदेखि दिउँसो 2:15 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	Pine Ridge ES Princeton ES Rock Chapel ES Shadow Rock ES
च्याम्पियन मिडल स्कूल **ग्रेडहरू: 6 – 8**	5265 Mimosa Drive Stone Mountain. GA 30087 (678) 875-1502	बिहान 8:50 बजेदेखि दिउँसो 3:50 बजेसम्म	भर्चुअल भ्रमण TBA अद्यावधिकको लागि विद्यालयको वेबसाइट हेर्नुहोस्	डेकाल्बका सबै माध्यामिक विद्यालयहरू

परम्परागत थिम स्कूलको इतिहास

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टको परम्परागत थिम स्कूल कार्यक्रम 1996 मा सुरु भयो र यसले अभिभावक तथा विद्यार्थीहरूलाई पहिलाको शैक्षिक प्रदर्शनले सीमित नगर्ने शैक्षिक विकल्प प्रदान गर्छ। यो कार्यक्रम उच्च अपेक्षाहरू, अभिभावकको संलग्नता र चुनौतीपुर्ण शिक्षा अनुभवहरू हासिल गर्ने इच्छामा आधारित छ। डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टमा डेकाल्ब काउन्टी, जर्जियाका विभिन्न क्षेत्रहरूमा अवस्थित Edward L. Bouie, Sr., Marbut, Narvie J. Harris, Oakcliff, Robert Shaw, Wynbrooke परम्परागत थिम इलिमेन्टरी स्कूल र च्याम्पियन परम्परागत थिम मिडल स्कूल सहितका सात परम्परागत थिम स्कूलहरू छन्।

पारम्परिक थिम स्कूलहरूका अवयवहरू

परम्परागत थिम स्कूल समुदाय भित्रको एउटा विद्यालय हो जसले विद्यार्थी तथा अभिभावकहरूको आवश्यकताहरू पूरा गर्न डिजाइन गरिएको विशिष्ट सुविधाहरू भएको कारणले छिमेकी स्कूल वा स्कूल डिस्ट्रिक्टभरि मिडल स्कूलका स्तरमा इलिमेन्टरी विद्यार्थीलाई आकर्षित गर्छ। परम्परागत थिम स्कूल विद्यार्थीहरूलाई उच्च रूपमा संरचित सेटिङमा विस्तृत, अन्तरअनुशासनीय शैक्षिक कार्यक्रम प्रदान गर्न डिजाइन गरिएको हो। विद्यार्थीहरू चुनौतीपूर्ण कार्यक्रमका सक्रिय सहभागीहरू हुन् जसमा विश्व भाषाहरूमा गृह अध्ययन परियोजना र अनावरण समावेश हुन्छन्। क्रस-पाठ्यक्रम निर्देशनात्मक अवधारणाले समस्या समाधान गर्न र महत्त्वपूर्ण सोच गर्न आवश्यक पर्ने थप अनुसन्धान केन्द्रित असाइनमेन्ट तथा व्यवहारिक परियोजनाहरूमा नेतृत्व गर्छ। अभिभावकहरू निर्देशनात्मक कार्यक्रमलाई सुदृढ बनाउने र विद्यालयमा सहायता उपलब्ध गराउने कार्य गर्ने रूपमा कार्यक्रमको महत्त्वपूर्ण भाग हुनुहुन्छ।

परम्परागत इलिमेन्टरी थिम स्कूलका लागि फिडर स्कूल

परम्परागत इलेमेन्टरी थिम स्कूलहरूले मुख्य रूपमा स्थान सीमित भएका स्कूलका विद्यार्थीहरू प्राप्त गर्छन्। सहायताको लागि उत्कृष्ट आवश्यकतासँगको नजिकै समुदायमा भएका इलिमेन्टरी स्कूलहरूले इलिमेन्टरी थिम स्कूलहरूलाई फिडर स्कूलहरूको रूपमा सेवा प्रदान गर्ने छन्। फिडर स्कूलको भर्ना घट्यो भने, फिडर स्कूलले फिडर साइटको रूपमा सेवा अबदेखि सेवा प्रदान गर्न सक्दैन। यो निर्धारण वार्षिक रूपमा गरिन्छ। थिम मिडल स्कूलले डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टभरि विद्यार्थीहरू प्राप्त गर्छ।

परम्परागत थिम स्कूलका विशिष्ट विशेषताहरू

- आवश्यक भएको अभिभावकीय सहभागिता
- मुख्य विषयहरूमा महत्त्व
- उच्च शैक्षिक मापदण्ड तथा अपेक्षाहरू
- विश्व भाषामा अनावरण
- कडा आचर-संहिता
- आवश्यक भएको पोशाक/कडा ड्रेस कोड
- महत्त्वपूर्ण सोच गर्न र समस्या समाधान गर्नमा महत्त्व
- स्वचालित पठन कार्यक्रम (इलिमेन्टरी स्कूलहरू)
- समरमा आवश्यक भएको पठन तथा गणितका क्रियाकलापहरू
- आवश्यक भएका चुनौतीपूर्ण दैनिक गृहकार्य
- ट्युटोरियल कार्यक्रमहरू
- क्रियाकलाप-आधारित निर्देशन
- एजेन्डा प्लानर
- अन्तरअनुशासनीय निर्देशन

परम्परागत थिम स्कूलसम्बन्धी निर्देशिका

- अभिभावक तथा विद्यार्थीहरूबाट एक वर्षको लागि नामाङ्कन प्रतिबद्धता गर्ने अपेक्षा गरिन्छ
- स्वीकार भएपछि, विद्यार्थीले उहाँको स्थान नियोजन कायम राख्न विद्यालयको पहिलो दिनमा उपस्थिति हुनुपर्छ
- अभिभावकहरूले थिम स्कूलमा नामाङ्कन गरिएका विद्यार्थीहरूको लागि अभिभावकीय सहभागिता सेवा समय पूरा गर्नुपर्छ। सहोदरहरूलाई थिम इलिमेन्टरी स्कूल र थिम मिडल स्कूलमा एकैपटकमा नामाङ्कन गरिन्छ भने, अभिभावकले अभिभावकीय सहभागिता सेवा समयको लागि क्रेडिट प्राप्त गर्न प्रत्येक विद्यालयमा अभिभावकीय सहभागिता सेवा समयको 50% पूरा गर्नुपर्छ।
- विद्यार्थीहरूले नामाङ्कन गरिएको थिम स्कूलको निर्दिष्ट पोशाक लगाउनुपर्छ।
- जारी राखिएको नामाङ्कन थिम स्कूलको नियमन तथा आवश्यकताहरूसँग अनुपालनमा निर्भर छ जसमा अभिभावकीय सहभागिता सेवा समय र विद्यार्थीको उपस्थिति पूरा हुनुपर्ने समावेश हुन्छ।
- उहाँको उत्कृष्ट क्षमतामा सबै विद्यालयको कार्य असाइनमेन्टहरू पूरा गर्नुहोस्।
- विद्यालयमा नियमित रूपमा उपस्थित हुनुहोस् र समयमै आइपुग्नुहोस्। अत्यधिक बाहिरिन रोक्नुहोस्।
- विद्यालय दिनको समाप्ति वा अधिकारप्राप्त गरेको विद्यालयमा क्रियाकलापमा सहभागिता पछि तुरुन्तै विद्यालयबाट निस्कनुहोस्।
- उहाँलाई विद्यालयमा उचित हुने व्यवहार गर्नुहोस्।
- हालै नामाङ्कन भएका र राम्रो स्थितिमा भएका विद्यार्थीहरूले थिम स्कूलको कार्यक्रममा सहभागिता जारी राख्न सक्नुहुन्छ।
- थिम स्कूलमा स्थान नियोजन अस्वीकार वा निर्दिष्ट दर्ता मिति भित्र नभर्नु हुँदा, विद्यार्थीले अर्को खुला नामाङ्कन अवधिमा थिम स्कूलको लागि पुन: आवेदन दिनुपर्छ।

यी निर्देशिकाहरूको पालना गर्दासम्म नामाङ्कित विद्यार्थीहरूले सफल विद्यालय अनुभवको मजा लिनेछन्। यी अवस्थाहरू पूरा नगरेको अवस्थामा, विद्यार्थीले उहाँको गृह उपस्थिति क्षेत्रको विद्यालयमा उपस्थित हुन आवश्यक हुनेछ।

छनोट प्रक्रियाको संक्षिप्त विवरण

पारम्परिक थिम स्कूल आवेदकहरूलाई स्वचालित छनोट प्रक्रिया मार्फत चयन गरिने छ। यदि उपलब्ध सिटभन्दा धेरै आवेदकहरू हुनुहुन्छ भने, चयन नगरिएका विद्यार्थीहरूलाई प्रतिक्षा सूचीमा राखिने छ। उपलब्ध सिटभन्दा कम आवेदकहरू हुनुहुन्छ भने, डेकाल्ब काउण्टी स्कूल डिस्ट्रिक्टले सबै योग्य आवेदकहरूलाई थिम स्कूलमा भर्ना गर्ने छ। यो अवस्थामा, समाप्ति मिति पछि पेश गरिएको आवेदनहरूलाई विचार गर्नको लागि प्रक्रिया गरिने छ। चयन तथा प्रतिक्षा सूचीमा राखिएका आवेदकहरूले स्वचालित छनोट प्रक्रिया पूरा भएपछि सूचना प्राप्त गर्नुहुने छ।

थिम स्कूलको लागि आवेदन दिने योग्यता

- प्रि-किन्डरगार्टेन देखि पाँचौं ग्रेडसम्म भर्ना हुने र निर्धारित थिम फिडर इलिमेन्टरी स्कूलको उपस्थिति क्षेत्रहरूमा बसोबास गर्ने डेकाल्बका, हालका, निजी तथा गृह विद्यालयका सबै विद्यार्थीहरू चिट्ठा कार्यक्रममा सहभागी हुन र परम्परागत थिम स्कूल भएको निश्चित प्राथमिक विद्यालयमा भर्नाको आवेदन दिन योग्य हुन्छन् । तिनीहरूले आवेदनको समाप्ति मितिमा वा पहिल्यै विद्यालय छनोट अनलाइन आवेदन पूरा र पेश गरेको हुनुपर्छ।

- ग्रेड 6, 7 र 8 मा नामांकन गरिने र डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टमा निवास गर्ने सम्पूर्ण डेकाल्बका, हाल, निजी तथा गृह विद्यालयका विद्यार्थीहरूले पारम्परिक थिम मिडल स्कूलमा नामांकनको लागि आवेदन दिन सक्नुहुन्छ। तिनीहरूले आवेदनको समाप्ति मितिमा वा पहिल्यै विद्यालय छनोट अनलाइन आवेदन पूरा र पेश गरेको हुनुपर्छ।

- अभिभावकले खुला नामाङ्कन सत्रको अवधिमा विद्यार्थीहरूको लागि थिम स्कूल आवेदन पूरा गर्नुहुन्छ र यदि विद्यार्थी निर्दिष्ट थिम स्कूल को नामाङ्कनमा योग्य हुनुहुन्छ भने थिम स्कूलमा नामाङ्कन गरिएका विद्यार्थीहरूको सहोदरहरू छनोट प्रक्रियाको लागि योग्य हुने छन्।

- विद्यालय अबदेखि फिडर स्कूल नहुँदा, यो फिडर स्कूलबाट नयाँ विद्यार्थीहरू नामाङ्कन गरिने छैन; यद्यपि फर्किने विद्यार्थीहरूको सहोदरहरूले निर्दिष्ट थिम स्कूलमा नामाङ्कनमा आवेदन दिन सक्नुहुन्छ।

विद्यालय समय तथा विद्यालय वर्ष

पारम्परिक थिम स्कूलहरूको लागि सञ्चालन समय तथा विद्यालय पात्रो सामान्यतया विद्यालय प्रणाली अनुसार हुन्छन्। वैकल्पिक विस्तारित दिवा कार्यक्रम, क्रियाकलाप र ट्युटोरियलहरू उपलब्ध हुनसक्छ।

यातायात

एकदमै हालको डेकाल्ब काउन्टी यातायात नीति पालना गरिने छ। इलिमेन्टरी थिम स्कूल विद्यार्थीहरूको लागि यातायात हालै संरचित गरे अनुसार उपलब्ध गराउन जारी राख्नेछ भन्ने कुरामा अभिभावकहरूले ध्यान दिनुहोस्। इलिमेन्टरी थिम स्कूलका विद्यार्थीहरूले छिमेकदेखि निर्दिष्ट थिम स्कूलसम्म यातायात प्राप्त गर्न जारी राख्नुहुने छ। च्याम्पियन थिम मिडल स्कूलमा यातायात हालै संरचना गरे अनुसार जारी राखिने छ। हालैको विद्यालय वर्षको अवधिमा, मिडल स्कूलका विद्यार्थीहरू च्याम्पियन थिम मिडल स्कूलमा यातायातको लागि चयन गरिएको सेटलाइट पिकअप स्थानहरूमा आउनुहुने छ।

थिम स्कूलका विद्यार्थीहरूका सहोदरहरू

यदि अभिभावकले नामाङ्कनका लागि आवेदन दिनुहुन्छ र सिटहरू उपलब्ध हुन्छन् भने हाल प्रि-किन्डरगार्टेनदेखि 4 सम्म, 6 र 7 ग्रेडमा नामांकन भएका विद्यार्थीहरूका सहोदरहरूलाई सोही स्कूलमा नामांकन प्रदान गर्न सकिनेछ। सहोदरका स्थान नियोजन उपलब्ध छैन भने, लटरीको अवधिमा विद्यार्थी चयन भएको क्रम अनुसार नै प्रत्येक सहोदरलाई प्रतिक्षा सूचीमा राखिने छ। कृपया यो प्रावधान प्रि-किन्डरगार्टेन आवेदकहरू वा ग्रेड 5 र 8 मा हालै नामाङ्कन गरिएका सहोदरका आवेदकहरू वा ढिला आवेदकहरूमा लागू गरिँदैन भनी ध्यानमा राख्नुहोस्।

यदि एउटा सहोदर चयन गरिएको छ र सिटहरू उपलब्ध छन् भने एउटै जन्म मिति भएका समान विद्यालय तथा ग्रेड स्तरको लागि आवेदन दिने सहोदरहरूलाई आमाबुवा/अभिभावकको विकल्पमा समकालीन स्थान नियोजनको रूपमा मानिने छ। आवेदनमा "सहोदरले हालै थिम स्कूलको लागि आवेदन दिने" भनी सूचित गर्ने र प्रत्येक सहोदरको लागि अनुरोध गरिएको जानकारी पूरा गर्ने आमाबुवाहरू/अभिभावकहरूको उत्तरदायित्व हो।

आवेदनमा सहोदरको कुनै पनि प्रकारको स्थितिहरू सूचित गर्न असफल हुनाले नामाङ्कनको लागि आवेदन दिने कुनै पनि प्रकारका सहोदरहरूलाई यो प्रावधान हटाइनेछ। सहोदरलाई नामाङ्कनको लागि आवेदन दिने एकल विद्यार्थीको रूपमा लटरीमा राखिने छ। सहोदरको प्राथमिकता प्राप्त गर्नको लागि, समान अभिभावकले समान अभिभावक खातामा सबै सहोदरहरूको लागि छुट्टाछुट्टै आवेदनहरू पूरा गर्नुपर्छ।

यो प्रावधानको प्रयोजनहरूका लागि "सहोदर" ले त्यो परिवार सदस्यलाई समावेश गर्छ जो एउटै घरमा बस्छ र अभिभावक(हरू)लाई कानूनी अभिभावकको नाम दिइन्छ। कानूनी कागजात उपलब्ध गराइएको हुनुपर्छ।

पूर्णकालीन कर्मचारीका बालबालिकाहरू
निम्न प्रावधानहरू डिस्ट्रिक्टको पूर्णकालीन कर्मचारी भएको संरक्षक अभिभावक वा कानूनी अभिभावकका बच्चालाई मात्रै लागू हुन्छ। यी प्रावधानहरू प्रि-किन्डरगार्टेन कार्यक्रमहरूमा लागू हुँदैनन्।

थिम स्कूल र म्याग्नेट कार्यक्रमहरूसँगको सम्बन्धमा तलका 3 र 4 अनुच्छेदहरू बमोजिम, अभिभावक वा कानूनी अभिभावकको रोजगार उक्त विद्यालयमा छ; वा बच्चासँग डिस्ट्रिक्टमा व्यक्तिकृत शिक्षा कार्यक्रम ("IEP") छ जसले बच्चाको IEP लाई उचित रूपमा कार्यान्वन गर्न सक्छ भने डिस्ट्रिक्टको पूर्ण-कालीन कर्मचारी हुने संरक्षक अभिभावक वा कानूनी अभिभावकको बच्चालाई स्कूलमा उपस्थित हुने अनुमति छ। बच्चालाई नामाङ्कन गर्नु अगाडि विद्यालय नामांकनको कार्यालयलाई सूचित गराउनुपर्छ। डिस्ट्रिक्टद्वारा यातायात उपलब्ध गराइने छैन। कर्मचारी र बच्चा अर्को स्कूल डिस्ट्रिक्टमा बसेतापनि ट्युसनको भुक्तानी आवश्यक हुने छैन। यो विकल्प विद्यालयमा आधारित कर्मचारीहरूको लागि मात्र उपलब्ध हुन्छ।

Theme school र magnet कार्यक्रमहरूसँगको सम्बन्धमा तलका 3 र 4 अनुच्छेदहरू बमोजिम, अभिभावक वा कानूनी अभिभावकको रोजगार उक्त विद्यालयमा छ; वा बच्चासँग डिस्ट्रिक्टमा व्यक्तिकृत शिक्षा कार्यक्रम ("IEP") छ जसले बच्चाको IEP लाई उचित रूपमा कार्यान्वन गर्न सक्छ भने डिस्ट्रिक्टको पूर्ण-कालीन कर्मचारी हुने संरक्षक अभिभावक वा कानूनी अभिभावकको बच्चालाई स्कूलको भर्टिकल फिडर प्याटर्नमा अर्को स्कूलमा उपस्थित हुने अनुमति छ। केन्द्रिय कार्यालयका कर्मचारीहरू कर्मचारीको कार्यक्षेत्रको भर्टिकल फिडर प्याटर्नमा अवस्थित फिडर प्याटर्न स्कूलहरूमा उपस्थित हुन सक्छन्। यो उपखण्डमा वर्णन गरिएको अवसरलाई आफैं प्राप्त गर्न चाहने कर्मचारीले डिस्ट्रिक्ट र व्यक्तिगत स्कूलहरूको योजना आवश्यकताहरूलाई यथोचित रूपमा महत्त्व दिने सुपरिवेक्षकद्वारा जारी र प्रकाशन गरिएको समयतालिका अनुसार Office of Student Assignment लाई सूचित गर्नुपर्नेछ; साथै, उक्त समयतालिकाले नयाँ नियुक्तहरूलाई समायोजन गर्नेछ जहाँ ती नयाँ नियुक्तहरूले नियुक्ति मितिबाट नै उक्त समयतालिकाको अनुपालना गर्नेछन् र साथै, 2021-22 स्कूल वर्षका हालका सबै योग्य कर्मचारीहरूलाई समायोजन गर्न यस नीति लागू गरिएको मितिदेखि आवश्यक भएको हदसम्म कार्यान्वयनको पहिलो वर्षमा उक्त समयतालिकालाई समायोजन गरिने छ। डिस्ट्रिक्टद्वारा यातायात उपलब्ध गराइने छैन। कर्मचारी र बच्चा अर्को स्कूल डिस्ट्रिक्टमा बसेतापनि ट्युसनको भुक्तानी आवश्यक हुने छैन। फिडर प्याटर्न स्कूलमा उपस्थित हुनको लागि यस अन्तर्गत अनुमति दिइएका विद्यार्थीहरूले नामांकित रहिरहने अनुमति प्राप्त गर्नको लागि स्कूल र डिस्ट्रिक्टद्वारा स्वीकृत व्यवहार, उपस्थिति र नियमितताका मानदण्डहरूको पालना गर्नुपर्छ।

यो प्रावधान अन्तर्गत थिम स्कूल मा उपस्थित हुन खोज्ने बालबालिका लटरीमा प्रवेश गर्नुपर्छ र उक्त विद्यालयमा उपयोगी हुने सबै भर्नाहरूका कार्यविधिहरूको अनुपालना गर्नुपर्छ। डिस्ट्रिक्टद्वारा यातायात उपलब्ध गराइने छैन। कर्मचारी र बच्चा अर्को स्कूल डिस्ट्रिक्टमा बसेतापनि ट्युसनको भुक्तानी आवश्यक हुने छैन।

थिम स्कूल आवेदन प्रक्रिया
व्यक्तिगत कम्प्युटर, स्थानीय पुस्तकालय कम्प्युटरको प्रयोग गरेर वा **विद्यालय छनोट कार्यक्रमहरूको कार्यालयमा** अनलाइन आवेदन दिएर **http://yourchoicedekalb.org** मा अनलाइन आवेदनलाई पूरा गर्नुहोस्।

अन्तिम मितिसम्ममा आवेदन (निवासको प्रमाण, जन्म दर्ता, रिपोर्ट कार्ड आदि) पूरा गर्नको लागि **आवेदनसँग** सबै कागजातका प्रतिलिपिहरू पेश/अपलोड गर्ने आमाबुवा/कानूनी अभिभावकको जिम्मेवारी हो। सबै सहायक कागजातलाई अन्तिम मितिसम्म स्कूल छनोट कार्यालयमा पेश नगर्दासम्म तपाईंको आवेदनलाई पूरा **मानिँदैन**। **सबै पेश गरिएका कागजात डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टको सम्पत्ति बन्दछन्।**

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टमा नामांकन नभएका आवेदकहरूले निवासको प्रमाण (हालको ग्याँस, विद्युत, पानीका बिल, आमाबुवा वा कानूनी अभिभावकको नाममा मोर्टगेज विवरण वा लिज सम्झौताहरू) उपलब्ध गराउनुपर्छ। **टेलिफोन बिल, बैंक विवरण, केबल बिलहरू, इत्यादि लाई निवासको प्रमाणको रूपमा स्वीकार गरिनेछैन।**

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टमा नामाङ्कित नभएका र प्रि-किन्डरगार्टेनदेखि पहिलो ग्रेडसम्म आवेदन दिने सबै आवेदकहरूले आवेदन प्रक्रियालाई पूरा गर्नको लागि जन्मदर्ताको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनुपर्छ।

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्टमा नामांकित नभएका र हाल 1-7 ग्रेडहरूमा हुने आवेदकहरूले आवेदनलाई पूरा गर्नको लागि एकदमै हालको रिपोर्ट कार्डको प्रतिलिपि उपलब्ध गराउनुपर्छ।

स्वचालित लटरी/छनोट प्रक्रिया

यदि आवेदनहरूको संख्याले थिम स्कूलमा कुनै वा सबै ग्रेड स्तरहरूका लागि फिडर स्कूलको उपलब्ध सिटहरूको अनुमानित सङ्ख्या नाघ्छ भने थिम स्कूलका आवेदकहरूलाई डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट प्रशासनिक र निर्देशनात्मक कम्प्लेक्समा स्वचालित छनोट प्रक्रिया मार्फत चयन गरिने छ। नामाङ्कन लागि चयन नगरिएका आवेदकहरूलाई सबै आवेदकहरूलाई नामांकन नगराउँदासम्म प्रतिक्षा सूचीको लागि चयन गरिनेछ। स्वचालित छनोट प्रक्रियाको कार्यक्रममा खराबीहरू भएमा, स्वचालित छनोट प्रक्रिया पुन: गरिने छ र प्रारम्भिक छनोट वा प्रतिक्षा सूची सङ्ख्या समापनपछि परिवर्तन हुन सक्छ।

सिटहरूको वितरण

इलिमेन्टरी थिम स्कूल्स
प्रत्येक विद्यालय वर्ष सिटहरूको संख्या प्रति थिम स्कूल, प्रति ग्रेड स्तर लटरी पूर्व निर्धारित गरिन्छ।

बोर्ड नीति JBCC मा आधारित भइ, सिटहरू उपलब्ध हुँदा पूर्णकालिन विद्यालयमा आधारित कर्मचारीहरूका किन्डरगार्टेनदेखि 5 ग्रेडसम्मका बालबालिकाहरूलाई राखिने छ। कर्मचारीका सबै बालबालिकालाई सिटहरू उपलब्ध हुन्न भने, आवेदकहरूलाई प्रतिक्षा सूचीमा राखिने छ।

प्रत्येक इलिमेन्टरी थिम स्कूलको लागि उपलब्ध सिटको संख्या ठाउँ असहजता वा उत्कृष्ट नामांकनको कारण प्राथमिकताको ठूलो आवश्यकता भएसँगै विद्यालयमा आधारित फिडर स्कूलहरू बीचमा वितरण गरिन्छ। विद्यार्थीहरूलाई थिमको कर्मचारी, सहोदरहरू र At-Large सहितका अनियमित लटरी छनोट प्रक्रियाको अवधिमा राखिने तीन वटा निकायहरू छन्। स्थान नियुक्ति प्राप्त नगर्ने कुनै पनि आवेदकलाई अनियमित लटरी छनोट प्रक्रियाको अवधिमा छनोट भएको क्रममा प्रतिक्षा सूचीमा राखिनेछ। यी छनोट निर्देशिकाहरू प्रि-किन्डरगार्टेन कार्यक्रममा लागू हुँदैनन्।

मिडल थिम स्कूल
प्रत्येक विद्यालय वर्षमा प्रति ग्रेड स्तरको कूल संख्या लटरी गराउनु पूर्व निर्धारण गरिन्छ।

बोर्ड नीति JBCC मा आधारित भइ, सिटहरू उपलब्ध हुँदा पूर्णकालिन विद्यालयमा आधारित कर्मचारीहरूका 6 देखि 8 ग्रेडसम्मका बालबालिकाहरूलाई राखिनेछ। कर्मचारीका सबै बालबालिकालाई सिटहरू उपलब्ध हुन्न भने, आवेदकहरूलाई प्रतिक्षा सूचीमा राखिने छ।

प्रत्येक इलेमेन्टरी थिम स्कूलको जनसङ्ख्यालाई थिम मिडल स्कूलको छैठौं ग्रेडको कूल जनसङ्ख्याको 50% बनाउन उपलब्ध छैठौं ग्रेड सिटहरूको समान प्रतिशत भाग लगाइनेछ। At-large छैठौं ग्रेडका आवेदकहरूले आफ्ना गृह मिडल स्कूल उपस्थिति क्षेत्रहरूबाट उपलब्ध भएका अन्य आधा सिटहरू भर्नेछन्। थिम सातौं र आठौं ग्रेडका आवेदकहरूलाई आफ्नो मिडल स्कूल गृह उपस्थिति क्षेत्रबाट उपलब्ध भएका अन्य आधा सिटहरू भर्ने विकल्पको अनुमति दिन 50%-50% भाग उपयोग गरिन्छ। At-large सातौं र आठौं ग्रेडका आवेदकहरूले आफ्ना गृह मिडल स्कूल उपस्थिति क्षेत्रहरूबाट उपलब्ध भएका अन्य आधा सिटहरू भर्नेछन्। लटरी छनोट प्रक्रियाको अवधिमा विद्यार्थीहरूलाई थिमका कर्मचारी, हाल नामांकन गरिएका थिमका विद्यार्थीहरूका सहोदरहरू, थिमका पुराना विद्यार्थीहरू र at-large आवेदकहरू सहित चार निकायहरूमा राखिने छ। उपलब्ध थिम र at-large अवसरलाई सहभागी मिडल स्कूलहरू बीच वितरण गरिन्छ। सिटहरूको अनियमित संख्या उपलब्ध भएमा; ठाउँ असहजता वा उत्कृष्ट नामांकनको कारण प्राथमिकताको ठूलो आवश्यकताको आधारमासाइटहरूलाई बाँकी रहेका सिटहरू वितरण गरिनेछन्। आवेदनहरूको संख्याले थिम स्कूलको कुनै पनि वा सबै ग्रेड स्तरहरूका लागि उपलब्ध सिटहरूको फिडर स्कूलको अनुमानित संख्यालाई नाघ्छ भने स्वत: अनियमित लटरी/छनोट प्रक्रिया सञ्चालन गरिने छ।

प्रतिक्षा सूची
एकपटक सबै सिटहरू पूरा भएपछि, स्वचालित छनोट प्रक्रियाको अवधिमा स्थान नियोजनको लागि चयन नभएका बाँकी आवेदकलाई स्वचालित छनोट प्रक्रियाको अवधिमा आएका आवेदकहरूको क्रमका आधारमा प्रतिक्षा सूचीमा राखिनेछ। लटरी सञ्चालन गरिसकेपछि अतिरिक्त सिटहरू उपलब्ध हुन्छ भने, सिटहरू निर्दिष्ट गरिएको प्रतिक्षा सूचीका (ग्रेड स्तर अनुसार, फिडर स्कूल अनुसार) आवेदकहरूलाई नामाङ्कन गरिने छ। प्रतिक्षा सूची थिम विद्यालयहरूको स्वचालित अनियमित लटरी/चयन प्रक्रियाको मितिबाट **अगष्ट 31, 2022** सम्म लागू हुने छ। प्रतिक्षा सूची विद्यालय छनोट कार्यक्रमहरूको कार्यालयमा सञ्चय गरिनेछ। विद्यार्थीहरूलाई **अगष्ट 31, 2022** पछि राखिने छैन। **यद्यपि, प्रि-किन्डरगार्टेन आवेदकहरूलाई जर्जिया प्रि-किन्डरगार्टेन कार्यक्रमसँग सम्बन्धित राज्य निर्देशिकाहरूको अनुरूप सिटहरू उपलब्ध भए अनुसार विद्यालय वर्षभरि नै प्रतिक्षा सूचीमा राखिने छ।**

सूचना प्रक्रिया
थिम स्कूलको लटरीमा चयन भएका आवेदकहरूलाई सूचना पठाइने छ । यो सूचनाले आमाबुवाहरूलाई चयन पूरा गर्न आवश्यक पर्ने प्रक्रियाहरूका बारेमा सूचित गर्नेछ। कुनै पनि कारणले गर्दा आमाबुवाहरू/अभिभावकहरू नामाङ्कन प्रक्रिया पूरा गर्न असफल हुनुहुन्छ भने, कक्षा सूचीबाट बच्चाको नाम हटाइने छ। निम्न निर्देशिकाहरू विद्यालय छनोट कार्यक्रममा उपस्थित हुन चयन गरिएका सबै विद्यार्थीहरूका लागि लागू हुने छ।

⇒ आवेदक जुन ग्रेड स्तरको लागि चयन हुनुभएको छ त्यसैमा नामाङ्कन हुन पदोन्नति आवश्यकताहरू विद्यार्थीले पूरा गर्न सक्दैनन् भने, विद्यार्थीको स्थान नियोजन रद्द गरिने छ। प्रतिक्षा सूचीमा रहनुभएको अर्को योग्य आवेदकलाई सिट प्रदान गरिने छ।

⇒ स्थान नियोजन पुन: प्राप्त गर्न विद्यार्थीहरूले विद्यालयको पहिलो दिनमा निर्दिष्ट गरिएको थिम स्कूलमा उपस्थिति हुनुपर्छ। प्रतिक्षा सूचीमा भएका अर्को आवेदकका लागि खाली सिटहरू दिइने छ।

⇒ **अगस्त 31, 2022** पछि नयाँ विद्यार्थीहरूलाई भर्ना गरिने छैन। चयन नभएका विद्यार्थीहरूले 2023 - 2024 विद्यालय वर्षको लागि पुन: आवेदन दिन सक्छन्। **प्रिकिन्डरगार्टेन आवेदकहरूलाई जर्जिया प्रिकिन्डरगार्टेन कार्यक्रमसँग सम्बन्धित राज्य निर्देशिकाहरूको अनुरूप सिटहरू उपलब्ध भए अनुसार वर्षभरि नै प्रतिक्षा सूचीमा राखिने छ।** प्रतिक्षा सूचीमा भएका विद्यार्थीहरूले **2022 - 2023** स्वचालित अनियमित लटरी चयन प्रक्रियाको समयमा आफ्नो प्रतिक्षा सूची नम्बर समावेश भएको सूचना प्राप्त गर्नेछन्। अनलाइन र कागजी आवेदकहरूले विद्यालय छनोट कार्यक्रमका अनलाइन खातामा लग इन गरेर आफ्नो प्रतिक्षा सूची स्थिति हेर्न सक्नुहुन्छ।

⇒ चयन हुनुभएका आवेदकहरूले कार्यक्रममा प्रस्ताव गरिएको स्थान नियोजनलाई कार्यक्रम दर्ता अन्तिम मितिसम्ममा स्वीकार वा अस्वीकार गर्नुपर्छ।

अस्वीकारोक्ति

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट (DCSD) सँग अग्रिम सूचना वा शर्त बिना नियम, नीति, प्रक्रिया, कार्यक्रम निर्देशिका, डाटा, पाठ्यक्रम र कोर्सहरूसँग सम्बन्धित तर यत्ति कुरामा सीमित नभएको यस प्रकाशनमा कुनै पनि कथन परिवर्तन गर्ने अधिकार हुन्छ।

DCSD सँग अप्रत्याशित परिस्थितिहरूका कारण कुनै पनि विद्यालय छनोट कार्यक्रममा विद्यार्थीहरूलाई राख्ने अधिकार हुन्छ।

यो ब्रोसर नपढेमा आमाबुवा र विद्यार्थीहरूलाई यसमा वर्णन गरिएका नियम र आवश्यकताहरूबाट छूट मिल्नेछैन।

डेकाल्ब काउन्टी शिक्षा बोर्डका शैक्षिक कार्यक्रमहरू, क्रियाकलापहरू वा रोजगार अभ्यासहरूमा उमेर, लिङ्ग, जाति, रङ, धर्म, राष्ट्रिय मूल, असक्षमता वा अपाङ्गताको आधारमा भेदभाव नगर्नु यसको नीति हो।

DeKalb County School District